# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा वित्तीय जागरण : राष्ट्रिय अभियान कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले कैलाली जिल्लाको अत्तरियास्थित दुर्गालक्ष्मी उच्च मा. वि. को प्राङ्गणमा फागुन १४ गते मिडिया इन्टरनेशनलद्वारा आयोजित एक समारोहमा वित्तीय जागरण : राष्ट्रिय अभियान कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।




सो कार्यक्रममा प्रमुख अतिथिका रूपमा मन्तव्य दिनुहुँदै गभर्नर डा. नेपालले उद्यम तथा व्यवसायका लागि नेपालमा प्रशस्त अवसरहरू रहेको बताउनु भयो । उहाँले त्यस्ता अवसरहरूको समुचित उपयोग गर्न सकिएमा नेपाल आर्थिक समृद्धिको बाटोमा लम्कने र युवाहरू रोजगारीका लागि विदेशमा जानुपर्ने बाध्यताको पनि अन्त्य हुने धारणा राख्नुभयो ।

उद्यमशील बनेर देशको आर्थिक विकासमा आफ्नो महत्वपूर्ण भूमिका प्रदान गर्न उपस्थित सम्पूर्णलाई आग्रह गर्नुभयो । आफ्नो मुलुकमा सजिलै उत्पादन गरी उपभोग गर्न सकिने फलफूल, तरकारी तथा अन्य खाद्य वस्तुहरू छिमेकी मुलुकबाट आयात गर्नु पर्ने बाध्यताकारी अवस्थालाई निरूत्साही गरी उत्पादनशील क्षेत्रमा लाग्न गभर्नर डा. नेपालले आग्रह गर्नुभयो ।

आर्थिक उपार्जनका लागि वित्तीय अनुशासन अति नै आवश्यक रहेको उल्लेख गर्नु हुँदै गभर्नर डा. नेपालले देशको आर्थिक विकासमा बैंकहरूको भूमिका महत्वपूर्ण रहने उल्लेख गर्नुभयो । उद्योग तथा व्यवसायका लागि आवश्यक पुँजीका निमित्त बैंक तथा वित्तीय संस्थाहरूको सहयोग लिन सर्वसाधारणसँग आग्रह गर्दै उहाँले त्यस्तो ऋण वास्तवमा ऋण नभई समृद्धिको साधन बन्न सक्ने धारणा राख्नुभयो ।

पैसाको महत्व बुझ्ने र त्यसको सदुपयोग गर्न जान्ने हो भने सम्पूर्ण नेपालीको जीवनस्तरमा सकारात्मक सुधार हुने विश्वास गभर्नर डा. नेपालले व्यक्त गर्नुभयो । पैसा सम्बन्धी ज्ञान बच्चादेखि नै घर घरमै सिकाउनु पर्ने र विद्यालयको प्राथमिक तहदेखि नै वित्तीय साक्षरता सम्बन्धी ज्ञान हासिल गर्नु आवश्यक रहेको औंल्याउँदै उहाँले बैंकिङ पहुँचको विस्तारमा पनि जोड दिनुभयो ।

कार्यक्रममा धनगढी कार्यालयका निर्देशक विश्रुत थापा र नेपालगञ्ज कार्यालयका निर्देशक गुरूप्रसाद पौडेल लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूले सो कार्यक्रममा मन्तव्य राख्नु भएको थियो ।

वित्तीय जागरण राष्ट्रिय अभियान देशका विभिन्न ठाउँमा सञ्चालन हुने कार्यक्रम रहेको छ ।

२०७३ फागुन १४, शनिबार

गभर्नरको कार्यालय